सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७३

**बैठक संख्याः २०८२/८३-१५**

आज मिति २०८३/०१/२३ गते बुधबारका दिन बिहान ९ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | ~~श्री अर्जुन जंग शाह~~ | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना वस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत सातौ

२. श्री रविन्द्र बहादुर थापा — लेखा अधिकृत

३. श्री हिमा कुमारी रेउले — का स

## सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**ढोरचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

प.स. २०८२।८३
च.न.

**मिति २०८३/०१/२३ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. प्रमुख प्रशासकीय अधिकृतको स्वागत गर्ने सम्वन्धमा ।
३. नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रको खातामा रकम जम्मा गर्ने सम्वन्धमा ।
४. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्वन्धमा ।
५. ज्योति फाउण्डेशन आर्थिक सहायता सम्वन्धमा ।
६. उपभोक्ता समिति गठन नभएका योजनाहरुको कार्यान्वयन सम्वन्धमा ।
७. बैदेशिक रोजगारीबाट फर्केर आएका युवाहरुको लागि पशुपालन कार्यक्रमको लाभग्राही छनौट सम्वन्धमा ।
८. आर्थिक सहायता सम्वन्धमा ।
९. सिद्ध कुमाख गाउँपालिकाको प्रधानाध्यपक व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८३ सम्वन्धमा ।
१०. निर्णय अनुमोदन सम्वन्धमा ।
११. विविध सम्वन्धमा ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८३/०१/१३ गते बसेको गाउँ कार्यपालिकाको १४ औं बैठकले पारित गरेका निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २: प्रमुख प्रशासकीय अधिकृतको स्वागत गर्ने सम्वन्धमा ।**

**निर्णय नं २:**

यस सिद्ध कुमाख गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा भई आउनुभएका नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह, राजपत्राङ्कित तृतीय श्रेणी प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन जंग शाहलाई स्वागत गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**प्रस्ताव नं ३ नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रको खातामा रकम जम्मा गर्ने सम्वन्धमा ।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिकाको ढोरचौर फलाटे सडक स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यक्रम अन्तर्गत शातिबजार नजिकै विद्युत लाइन स्थानान्तरण गर्न तथा ढोरचौर बजार आसपासको क्षेत्रमा नाङ्गो एसिएसआर तार हटाइ एबिसि केवल तानी लाइन सुधार गर्न नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रबाट प्राविधिकहरुले स्थलगत निरीक्षण गरी तयार पारिएको लागत अनुमान बमोजिम रकम रु ६,५२,८१५.४४(अक्षरुपी रु छ लाख बाउन्न हजार आठ सय पन्ध्र र चवालिस पैसा मात्र) चालु वर्षको **विद्युत विस्तार** योजना तर्फ विनियोजित बजेटबाट खर्च हुने गरी नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रको धरौटि खातामा रकम जम्मा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४- सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।**

**निर्णय नं ४**

जिल्ला प्रशासन कार्यालय सल्यानको च.नं. ३०५३ , मिति २०८३।०१।१७ गतेको प्राप्त पत्रानुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा सार्वजनिक जग्गा, भवन तथा भौतिक पूर्वाधारको संरक्षण गर्ने कार्य स्थानीय सरकारको दायित्व अन्तर्गत रहने व्यवस्था भए बमोजिम सिद्ध कुमाख गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा जस्तै सडक, बाटो, कुलो, ताल, पोखरी, मठमन्दिर, विद्यालय लगायतका स्थानहरूमा घर, भवन, टहरा, टेन्ट लगायत अन्य संरचनाहरू निर्माण गरी भोगचलन तथा अतिक्रमण गरेका सबै सरकारी तथा सार्वजनिक जग्गाहरुको वडा कार्यालयबाट लगत संकलन १५ दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

प्रमाणित गर्‍यो।

अध्यक्ष

**प्रस्ताव नं ५ ज्योति फाउण्डेशनलाई आर्थिक सहायता सम्वन्धमा ।**

**निर्णय नं ५:**

कर्णाली प्रदेशका किशोरीहरुलाई सशक्त बनाउन, उनीहरुको नेतृत्व क्षमता अभिवृद्धि गर्न तथा स्थानीय नीति निर्माणमा समेत उनिहरुको संलग्नता बढाउन कर्णाली प्रदेशका सबै स्थानीय तह र ज्योति फाउण्डेसन, सुर्खेतको सहकार्यमा मिति २०८३ जेठ १५ देखि १६ गतेसम्म वीरेन्द्रनगर सुर्खेतमा **कर्णाली छोरी सम्मेलन २०८३** संचालन हुन लागेको हुदाँ यस पालिकाबाट सहभागि हुने किशोरीहरुको आउदा, जाँदा र कार्यक्रम अवधिभर लाग्ने यातायात र आवासीय खर्च बापत् **अन्य संस्था सहायता** शिर्षकबाट रु ३० हजार सहायता प्रदान गर्ने सर्वसम्मतले निर्णय गरीयो ।

**प्रस्ताव नं ६- उपभोक्ता समिति गठन नभएका योजनाहरुको कार्यान्वियन सम्वन्धमा ।**

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपालिकाको चालु आव २०८२/८३ मा उपभोक्ता समितिबाट कार्यान्वयन गर्नुपर्ने योजनाहरुको मिति २०८३ बैशाख मसान्तसम्म उपभोक्ता समित गठन नभएका योजनाहरुको कार्यान्वयन कोटेशन मार्फत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७- बैदेशिक रोजगारीबाट फर्केर आएका युवाहरुको लागि पशुपालन कार्यक्रमको लाभग्राही छनौट सम्वन्धमा ।**

**निर्णय नं ७**

सिद्ध कुमाख गाउँपालिका भित्रका वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको लागि ५० प्रतिशत अनुदानमा पशुपालन कार्यक्रमको लागि प्रस्तावना आह्वान गरिएकोमा सूचना बमोजिम रीतपूर्वक पेश भइ आएका देहाय बमोजिमका प्रस्तावकहरुलाई तपशिल बमोजिम छनौट गर्ने निर्णय गरियो । साथै ५० प्रतिशत अनुदान अन्तर्गत रु ५० हजार अनुदान प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

| **क्र.स.** | **बैदेशिक रोजगार बाट फर्किएका युवाको नाम थर** | **फर्मको नाम र स्थान** | **कैफियत** |
|---|---|---|---|
| १ | भिम बहादुर यरी, सिद्ध कुमाख ५ सल्यान | रीयान्सु पशुपन्छी फर्म सिद्ध कुमाख ५ सल्यान | |
| २ | भिम बहादुर रावत, सिद्ध कुमाख ३ सल्यान | - | |

**प्रस्ताव नं ८- आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं ८**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालयबाट सिफारिस भइ आएका तपसिलका व्यकि / संस्थाहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो।

| क्र. सं | आर्थिक सहायता पाउने व्यकिको नामथर | स्थायी ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | मिना बोहरा | सिद्ध कुमाख ५ सल्यान | गोठ जलेको | रु ७ हजार मात्र |

**प्रस्ताव नं ९- सिद्ध कुमाख गाउँपालिकाको प्रधानाध्यपक व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८३ सम्वन्धमा ।**

**निर्णय नं ९**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापकहरुको व्यवस्थापन गर्नको लागि **सिद्ध कुमाख गाउँपालिकाको प्रधानाध्यपक व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८३** सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १०- निर्णय अनुमोदन सम्वन्धमा ।**

**निर्णय नं १०**

सिद्ध कुमाख गाउँपालिका गाउँ विपद व्यवस्थापन समितिले मिति २०८३/०१/२३ गते बसी गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner